# पाठ्यपुस्तक बिक्रीवितरण गर्न इच्छुक वितरकहरूलाई सूचीकरण तथा नवीकरणका लागि जारी गरिएको सूचना

## (सूचना प्रकाशित मिति २०८२।१०।१८)

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका, २०७० (सातौँ संशोधन, २०८१) बमोजिम जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन गरेका कक्षा १ देखि १२ सम्मका पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री शैक्षिक सत्र २०८३ का लागि निजी क्षेत्रका वितरकहरूबाट बिक्रीवितरण गराउने प्रयोजनार्थ इच्छुक वितरकहरूलाई नवीकरण तथा सूचीकृत हुनका लागि सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचीकृत हुन चाहने इच्छुक वितरकले आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिदेखि यस केन्द्रको केन्द्रीय कार्यालय, सानोठिमी भक्तपुर, केन्द्रका सम्बन्धित प्रादेशिक कार्यालयहरू र प्रादेशिक प्रेस नेपालगञ्जमा आइपुग्ने गरी निवेदन पेश गर्नुपर्ने छ । सूचीकृत हुन आवश्यक फाराम यस केन्द्र तथा प्रादेशिक कार्यालय वा केन्द्रको वेबसाइट https://janakedu.org.np बाट प्राप्त गर्न सकिनेछ । फाराम बुझाउँदा रु.५००।- (अक्षेरेपी पाँच सय रुपैयाँ मात्र) दस्तुर बुझाउनुपर्ने छ । यस सम्बन्धी पूर्ण विवरणसहितको सूचना केन्द्रको वेबसाइट र केन्द्र तथा केन्द्रका प्रादेशिक कार्यालयहरूको सूचना पाटीमा समेत हेर्न सकिने छ ।

(क) नवीरणका लागि संलग्न हुनुपर्ने कागजातहरूको विवरणः

१. संस्था, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको नवीकरणको प्रतिलिपि ।
२. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. बिक्रेता नियुक्ति पत्रको प्रतिलिपि ।

(ख) सूचीकृत हुनका लागि संलग्न हुनुपर्ने कागजातहरुको विवरणः

१. संस्था, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र तिनका नवीकरणको प्रतिलिपि ।
२. आयकर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण गर्न चाहेको जिल्लाको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
४. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ग) निजी वितरकबाट पेश हुने कागजातहरूका आधारमा मूल्याङ्कन गरी वितरकको सूचीमा समावेश गरिनेछ । यस सूचनामा नपरेका कुराहरू पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका, २०७० (सातौँ संशोधन, २०८१) र प्रचलित ऐन नियमानुसार हुनेछ ।

(घ) बिक्रेताले पाठ्यपुस्तक बिक्रीवितरण गर्न आफूले चाहेको जिल्लाका लागि निम्नानुसार कार्यालयहरूमा सम्पर्क गरी केन्द्रले उपलब्ध गराएको बिक्रेता नवीकरण वा सूचीकृत हुनका लागि निवेदन पेश गर्नुपर्ने छ ।

| | |
|---|---|
| **केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरबाट** | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सोलुखुम्बु, धादिङ, रसुवा र नुवाकोट । |
| **प्रादेशिक कार्यालय, विराटनगरबाट** | मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, झापा, इलाम, ताप्लेजुङ र पाँचथर । |
| **प्रादेशिक कार्यालय, जनकपुरबाट** | धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, सिराहा, सप्तरी, उदयपुर, ओखलढुङ्गा र खोटाङ । |
| **प्रादेशिक कार्यालय, भरतपुरबाट** | चितवन, मकवानपुर, पर्सा, रौतहट, बारा र पूर्वी नवलपरासी । |
| **प्रादेशिक कार्यालय, पोखराबाट** | कास्की, तनहुँ, मनाङ, मुस्ताङ, लमजुङ, गोरखा, पर्वत, बागलुङ, म्याग्दी र स्याङ्जा । |
| **प्रादेशिक प्रेस, नेपालगञ्जबाट** | बाँके, हुम्ला, डोल्पा, बर्दिया, दाङ, पश्चिम रुकुम, सल्यान, पूर्वी रुकुम, र रोल्पा । |
| **प्रादेशिक कार्यालय, धनगढीबाट** | कैलाली, बैतडी, बाजुरा, डडेल्धुरा, बझाङ, दार्चुला, डोटी, कञ्चनपुर र अछाम । |
| **प्रादेशिक कार्यालय, बुटवलबाट** | रुपन्देही, पश्चिम नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी र प्युठान । |
| **प्रादेशिक कार्यालय, सुर्खेतबाट** | सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, हुम्ला र डोल्पा । |

(ङ) माथि बुँदा नं. (घ) मा उल्लेखित कार्यालयहरु अन्तर्गतका जिल्लाका कुनै पालिकामा पाठ्यपुस्तकहरु ढुवानी सहजताका कारण तोकिएको बाहेक अन्य कार्यालयमा बिक्रेता नवीकरण वा सूचीकृत हुन पाइनेछ । यसरी नवीकरण वा सूचीकृत भएका बिक्रेताले जुन कार्यालयमा नवीकरण वा सूचीकृत भएको हो सोही कार्यालयमा पाठ्यपुस्तक बिक्री बापतको थप व्यापारिक छुट दाबी गर्नुपर्ने छ ।

(च) थप व्यापारिक छुट दाबी गर्ने प्रयोजनार्थ नवीकरण गरेका तथा सूचीकृत भएका बिक्रेताले अनुसूची ६ का हिमाली जिल्लाहरुमा कम्तीमा रु. एक लाख र अन्य जिल्लाहरुमा कम्तीमा रु. तीन लाख बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्ने छ ।

(छ) नवीकरण वा सूचीकृत भएका फर्म वा कम्पनी वा संस्थाले आफूले कबोल गरेको जिल्ला तथा पालिकामा पाठ्यपुस्तक बिक्रीवितरण गर्नुपर्ने छ ।

(ज) सम्झौता नगरेका सूचीकृत बिक्रेताहरुले सम्झौता गरी बिक्रेताले केन्द्र र बिक्रेताबीच भएको सम्झौताको परिपालना गर्नुपर्ने छ ।

(झ) नेपाल सरकारबाट कक्षा ३ र कक्षा ५ देखि कक्षा १२ सम्मका सामुदायिक विद्यालयहरुका पाठ्यपुस्तक छपाइ तथा वितरण कार्य यस केन्द्रबाट गर्ने निर्णय भएको हुँदा पुस्तक बिक्रेताले कक्षा ३, कक्षा ५ र सोभन्दा माथिका कक्षाका पाठ्यपुस्तक विद्यालयगत विद्यार्थी तथ्याङ्कका आधारमा अनिवार्यरुपमा समान किसिमले खरिद गर्नुपर्ने छ ।

(ञ) प्राप्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

(ट) यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस केन्द्रको बजार व्यवस्था विभाग र केन्द्रका प्रादेशिक कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**थप जानकारीका लागि**

फोन नं. ०१-६६३०७८६, ०१-६६३०७८७, ०१-६६३०१६३, ०१६६३०७९६,
वेबसाइट : https://janakedu.org.np
बजार व्यवस्था विभाग ०१-६६३०१४०, विराटनगर ०२१-४७४३६६, जनकपुर ०४१-५२३३२६,
भरतपुर ०५६-५९०३२१, पोखरा ०६१-५७०३२२, नेपालगञ्ज ०८१-४१५१४५,
बुटवल ०७१-५५३६४२, धनगढी ०९१-४१६४०३ र सुर्खेत ०८३-५२४६३०

**जनक शिक्षा सामग्री केन्द्र लिमिटेड**
**सानोठिमी, भक्तपुर**

अनुसूची- १

# जनक शिक्षा सामग्री केन्द्र लि.

## केन्द्रीय कार्यालय

### सानोठिमी, भक्तपुर

**श्रीमान् प्रबन्ध सञ्चालकज्यू,**
जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर ।

**विषयः- बिक्रेता नवीकरण वा सूचीकृतका लागि निवेदन ।**

**महोदय,**

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको ............................ मिति ........................... मा प्रकाशित सूचना अनुसार बिक्रेताका रुपमा नवीकरण वा सूचीकृत भई काम गर्न तपसील बमोजिमको व्यहोरा उल्लेख गरी यो आवेदन पत्र दिएको/का छु/छौं ।

**तपसील**

**१. आवेदक**

(क) फर्म, संस्था वा कम्पनीको पूरा नामः- ........................................................

(ख) फर्म भए रजिष्ट्रेसन भएको मिति र नम्बरः- ................. ...................

(ग) स्थायी लेखा नम्बर र मितिः- ................./मू.अ.कर दर्ता भएको मितिः- ................

(घ) फर्म, संस्था वा कम्पनीको मुख्य कार्यालय रहेको स्थानः- .................................

(ङ) पाठ्यपुस्तक बिक्रीको अनुभव भएको/नभएकोः- ............................................

**२. फर्म, संस्था वा कम्पनीको किसिमः-** ......................................................

**३. पाठ्यपुस्तक बिक्रीवितरण गर्न चाहेका जिल्लाहरुः-** ..........................................
**तथा पालिकाहरुः-** .........................................

**भवदीय,**

**आवेदकको सहीः-** ............................................

**पूरा नाम, थरः-** ............................................

**ठेगानाः-** ............................................

**फोन नं.:-** ........................ **मोबाइल नं.:-** ......................

**इमेलः-** ..............................

**मितिः-** ....................